## आ.व २०८२।०८३ को १६औं कार्यपालिका बैठक

आज मिति २०८३।०१।०३ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो। बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन्।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २. | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३. | सदस्य (वडा नं. १ अध्यक्ष) | श्री गेमे खड्का | |
| ४. | सदस्य (वडा नं. २ अध्यक्ष) | श्री पहलवान चौधरी | |
| ५. | सदस्य (वडा नं.३ अध्यक्ष) | श्री उमेश अधिकारी | |
| ६. | सदस्य (वडा नं.४ अध्यक्ष) | श्री विर बहादुर चौधरी | |
| ७. | सदस्य (वडा नं. ५ अध्यक्ष) | श्री देव प्रसाद चौधरी | |
| ८. | सदस्य (वडा नं. ६ अध्यक्ष) | श्री दीपक कुमार चौधरी | |
| ९. | सदस्य (वडा नं. ७ अध्यक्ष) | श्री सिताराम चौधरी | |
| १०. | सदस्य (वडा नं.८ अध्यक्ष) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११. | सदस्य (वडा नं. ९ अध्यक्ष) | श्री रिम बहादुर सुनारी मगर | |
| १२. | सदस्य | श्री पार्वती सुबेदी | |
| १३. | सदस्य | श्री चम्फा भुसाल | |
| १४. | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५. | सदस्य | श्री गिता चौधरी | |
| १६. | सदस्य | श्री सावित्री चौधरी | |
| १७. | सदस्य | श्री संजिव परियार | |
| १८. | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९. | प्रशासकीय अधिकृत श्री विकास ज्ञवाली | | |
| २०. | | | |
| २१. | | | |
| २२. | | | |

आ.व. २०८२।८३
बैठक नं.-१६
मिति २०८३।०१।०३

**मिति २०८३।०१।०३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु ।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कै |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| २ | प्रदेश समपूरक अनुदान तर्फ योजना माग सम्बन्धमा । | प्रदेश समपुरक अनुदान तर्फ योजना छनौट गरी पठाउने | |
| ३ | विशेष अनुदान तर्फ योजना माग सम्बन्धमा । | प्रदेश विशेष अनुदान तर्फ योजना छनौट गरी पठाउने। | |
| ४ | स्थानीय जलवायू अनुकुलनका कृयाकलापहरु कार्यान्वयन ( LoCAL Project) मार्फत संचालन हुने योजनाहरुको कार्यान्वयन सम्बन्धमा । | स्थानीय जलवायू अनुकुलनका कृयाकलापहरु कार्यान्वयन ( LoCAL Project) मार्फत संचालन हुने योजनाहरुको आगामी आ व को स्रोत सुनिश्चितता गरी कार्यान्वयन पकृया अगाडि बढाउने । | |
| ५ | संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा | संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि स्विकृति दिने । | |
| ६ | तेस्रो त्रैमासिक अवधि सम्बन्धमा । | तेस्रो त्रैमासिक अवधि सम्मको समिक्षा प्रतिवेदन स्विकृत गर्ने । | |
| ७ | विउ विजन प्रसोधन केन्द्र सम्बन्धमा । | सम्झौता गरी संचालन गर्ने । | |
| ८ | टोल बस्ति स्तर बाट योजना छनौट सम्बन्धमा । | २०८३ बैशाख मसान्त भित्र योजना छनौट गरी पठाउने । | |
| ९ | कृषि सडक सम्बन्धमा । | खुरुरिया कुलो हुदै पुर्व तर्फ जाने कृषि सडक योजना कार्यान्वयन गर्ने । | |
| १० | अध्ययन तथा सिफारिस समिति गठन सम्बन्धमा । | फोहोरमैला तथा सरसफाई स्रोत केन्द्रको दिगो व्यवस्थापनका लागि समिति गठन गर्ने । | |
| ११ | पदपूर्ति सम्बन्धमा । | मनोसामाजिक परामर्श पदमा पदपूर्ति गर्ने । | |
| १२ | मसुरिया खुरुरिया जोड्ने निर्माणाधिन कल्भर्ट छेउ जोखिम रहेको स्थानका सम्बन्धमा । | पुर्वाधार निर्माण गरी जोखिम न्युनिकरण गर्ने । | |
| १३ | नदिजन्य पदार्थ घाटगद्धिका सम्बन्धमा | घाटगद्धिका लागि स्थान तोक्ने । | |
| १४ | विविध | | |

आ.व. २०८२।८३
बैठक नं.-१६
मिति २०८३।०१।०३

**मिति २०८३।०१।०३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**- प्रदेश समपुरक अनुदान तर्फ देहायको योजनाहरु माग गर्ने ।

| क्र.सं. | योजनाको नाम | प्रदेश तर्फ | पालिकाले व्यहोर्ने | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ८ को सांसद रोड तथा दामोदर रोड हुदै वडा नं.७, र ५ जोड्ने सडक स्तरोन्नती | १,५०,००,०००/- | १,५०,००,०००/- | ३,००,००,०००/- | |
| २ | वडा कार्यालय पहुँच मार्ग वडा ९ | १,००,००,०००/- | १,००,००,०००/- | २,००,००,०००/- | |
| ३ | ऐरावती क्याम्पस देखि मसुरिया जोड्ने सडक स्तरोन्नति | १,००,००,०००/- | १,००,००,०००/- | २,००,००,०००/- | |

**निर्णय नं. ३**- प्रदेश विशेष अनुदान तर्फ देहायको योजनाहरु माग गर्ने ।

| क्र.सं. | योजनाको नाम | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | गर्भवती,सुत्केरी महिला, जेष्ठ नागरिक, अपाङ्ग, अशक्त लगायतलाई निशुल्क रुपमा दैनिक रुपमा अस्पताल लैजाने ल्याउने कार्यका लागि वटा विद्युतिय गाडी खरिद **(राप्ती सहारा कार्यक्रम)** | ९० लाख | |

**निर्णय नं.४** – राप्ती गाउपालिकाको स्विकृत वार्षिक कार्यक्रम संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फ विनियोजित कार्यसम्पादनमा आधारित स्थानीय जलवायू अनुकुलनका कृयाकलापहरु कार्यान्वयन ( LoCAL Project) मार्फत संचालन हुने योजनाहरुको आगामी आ व को लागि समेत स्रोत सुनिश्चितता गरी योजना कार्यान्वयन पकृया अगाडि बढाउने ।

**निर्णय नं.५** – संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम राप्ती गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण पकृया अगाडि बढाउने ।

आ.व. २०८२।८३

बैठक नं.-१६

मिति २०८३।०१।०३

**निर्णय नं. ६-** राप्ती गाउँपालिकाको आर्थिक वर्षको २०८२।८३ को तेस्रो त्रैमासिक अवधि सम्मको समिक्षा प्रतिवेदन स्विकृत गर्ने ।

**निर्णय नं.७-** राप्ति गाउँपालिका वडा नं. ४ स्थित विउ प्रसोधन भवन द्धिपक्षिय सम्झौताका आधारमा युग प्रवाह मल्टि प्रपोज कम्पनी लि राप्ती २ दाङलाई उपलब्ध गराउने ।

**निर्णय नं. ८-** राप्ती गाउँपालिकाको आ व २०८३।८४ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि गाउँपालिकाको मार्गदर्शन बमोजिम २०८३ बैशाख मसान्त सम्म टोल बस्ति स्तर बाट योजना छनौट गरी वडा समितिमा पठाउने ।

**निर्णय नं.९-** राप्ती गापा वडा नं.३ स्थित खुरुरिया कुलो हुदै पुर्व तर्फ जाने कृषि सडक योजनाका लागि लागत अनुमानका आधारमा पालिका अन्तरगतका विभिन्न सडक/ बाटो मर्मत सुधार शिर्षकबाट भुक्तानी दिने गरी योजना संचालन गर्ने।

**निर्णय नं.१०-** राप्ती गापा २ पुण्यपुर स्थित फोहोरमैला तथा सरसफाई स्रोत केन्द्रको दिगो सञ्चालन सम्बन्धमा देहायका पदाधिकारीहरु सम्मिलित अध्ययन तथा सिफारिस समिति गठन गर्ने ।

**समितिः**

श्री पहलवान चौधरी- संयोजक

श्री गेमे खड्का, १ नं. वडाध्यक्ष- सदस्य

श्री उमेश अधिकारी, ३ नं. वडाध्यक्ष- सदस्य

श्री विर बहादुर चौधरी, ४ नं. वडाध्यक्ष- सदस्य

श्री देव प्रसाद चौधरी, ५ नं. वडाध्यक्ष- सदस्य

श्री दिपक चौधरी, ६ नं. वडाध्यक्ष- सदस्य

श्री सिताराम चौधरी, ७ नं.वडाध्यक्ष- सदस्य

श्री चम्फा भुसाल, कार्यपालिका सदस्य

श्री विश्वास वि.क., बरिष्ठ शिक्षा अधिकृत - सदस्य

विज्ञ सदस्य- १ जना

श्री गीता चौधरी, - सदस्य सचिव

**निर्णय नं. ११-** राप्ती गाउँपालिकामा रिक्त रहेको मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ तह) पदको पदपूर्ति विज्ञापन अगाडि बढाउने ।

**निर्णय नं. १२-** राप्ती गाउँपालिका वडा नं.३ मसुरिया खुरुरिया जोड्ने निर्माणाधिन कल्भर्ट छेउ जोखिम रहेको स्थानमा लागत अनुमान आधारमा पालिका अन्तरगतका विभिन्न सडक/ बाटो मर्मत सुधार शिर्षकबाट भुक्तानी दिने गरी योजना कार्यान्वयन गरी जोखिम न्यूनिकरण गर्ने ।

आ.व. २०८२।८३
बैठक नं.-१६
मिति २०८३।०१।०३

**निर्णय नं.१३-** राप्ती गाउँपालिकाद्धारा आव २०८२।८३ का लागि देहायका स्थानमा नदिजन्य पदार्थ घाटगद्धिका लागि स्थान तोक्ने ।

- कठाहाघाट राप्ती २ दाङ
- बगरापुरघाट राप्ती ६ दाङ

**विविध**

- गाउँटोल चोक धार्मिक स्थल र पुरातात्विक स्थलहरुको मौलिक रैथाने नामहरुको रैथाने नामहरुको अध्ययन अनुसन्धानको लागि विनियोजित रकम रु २०००००/-(दुई लाख) बाट अनुसन्धान प्रतिवेदन तयार गर्न गैरनाफामूलक संस्था थारु कल्याणकारी सभा क्षेत्रिय समिति, देउखुरी दाङ संग सम्झौता गरी पकृया अगाडि बढाउने ।
- राप्ती गापा को आव २०८२।८३ को स्विकृत कार्यक्रम तर्फ रोजगार आयोजना संचालनका ज्याला रकम(नेपाल सरकार शसर्त अनुदान) र राप्ती गाउँपालिकाको शत प्रतिशत रकम साझेदारीबाट संचालन हुने आयोजनामा धेरै सूचीकृत बेरोजगार संलग्न गर्नका लागि अधिकतम ५० दिन काममा खटाउने ।
- राप्ती गाउँपालिकाको आ व २०८२।८३ तर्फ विनियोजित देहायको योजनाको तपशिल बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने ।

| क्र.सं. | योजनाको नाम | संसोधित नाम |
|---|---|---|
| १ | लालमटिया खानेपानी राप्ती २ दाङ चेम्बर निर्माण | लालमटिया खानेपानी मुहान संरक्षण राप्ती २ दाङ |

- राप्ती गापा १ स्थायी निवासी श्री गन्ज बहादुर विष्टले साविक लालमटिया गाविस ३ स्थित नक्सा सिट नं. ४ क कित्ता नं. १६८ क्षेत्रफल ०-१-३-० को जग्गा श्री कृष्णसेन स्मृति प्रतिष्ठान, नेपाल र नेपाल उद्योग व्यापार महासंघ, काठमाडौको सयुक्त दान दिन पाउँ भनि निवेदन बमोजिम राजस्व छुट सहित श्री कृष्णसेन स्मृति प्रतिष्ठान, नेपाल र नेपाल उद्योग व्यापार महासंघ, काठमाडौको संयुक्त स्वामित्वमा जग्गा नामसारीका लागि सिफारिस गर्ने ।